## मिति २०८१/९/२८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

प्रमाणित प्रतिलिपि

(१) संस्थागत क्षमता मुल्याङ्कन सम्बन्धमा ।
(२) निजी जग्गा सम्याउने माग निवेदन सम्बन्धमा ।
(३) नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
(४) ज्योति भविश्वर क्याम्पस अनुदान सम्बन्धमा ।
(५) पूर्व कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।
(६) विविध सम्बन्धमा ।

### निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को प्रारम्भिक नतिजाको अवस्थाको बारेमा क्षेत्र तथा सूचकगत छलफल भयो । प्राप्त अङ्क सहितको विवरण अपलोड गरी जिल्ला समन्वय समितिमा पृष्ठपोषणको लागि पेश भएअनुसार प्राप्त हुने पृष्ठपोषण बमोजिम थप सुधार गर्नु पर्ने भएमा सुधार गरी सो पश्चात अन्तिम नतिजा सार्वजनिकको लागि प्रकाशन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न क्षेत्रबाट आफ्नो निजी जग्गा सम्याउने/गह्रा सुधार गरी खेतियोग्य तथा घडेरीमा प्रयोग हुने खालको बनाउन र यसरी कार्य गर्दा निस्कने ढुङ्गा, माटो रोयल्टी बुझाई बिकी तथा निकासीको लागि अनुमती पाउँ भनि वडाको सिफारिस सहित छुट्टा छुट्टै निवेदन आएको सन्दर्भमा छलफल भयो । उक्त निजी जग्गा गह्रा सुधार गरी खेतीयोग्य तथा घडेरीमा प्रयोग हुने खालको बनाउने र सो कार्य गर्दा निस्कने माटो, ढुङ्गा, मिस्कट बिकी निकासी गर्ने सम्बन्धमा निजी जग्गाको माटो ढुङ्गा मिस्कट व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण गरी सोही बमोजिम गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८१/८/२८ गतेको नगरकार्यपालिकाको बैठकबाट भएको निर्णय अनुसार नगरपालिकाबाट अनुगमन हुँदा तपशिल बमोजिमको स्थानमा उल्लेखित परिमाण अनुसारको नदीजन्य पदार्थ रहेको पाईएकोले उक्त नदीजन्य पदार्थ जफत गरी चालु आ.व.को लागि लुम्बिनी प्रदेशको आर्थिक ऐनमा तोकिएको दरले हिसाव गरी नगरपालिकाले बढाबढको माध्यमबाट (इविडको माध्यम) बिकी गर्ने निर्णय गरियो ।

#### तपशिल

१. शितगंगा नगरपालिका वडा नं. ११ खयरभट्टी क्षेत्र दुम्सी आ.वि.को जग्गामा रहेको जम्मा २५४१ घ.मी नदीजन्य पदार्थ (ढुङ्गा मिस्कट)

प्रमाणित प्रतिलिपि

२. शितगंगा नगरपालिका वडा नं. ११ बेलदमार र जाबुनेवास क्षेत्रमा रहेको जम्मा १९२९ घ.मी नदीजन्य पदार्थ (ढुङ्गा मिस्कट)

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ज्योति भविश्वर बहुमुखी क्याम्पसले नगरसभाबाट यस क्याम्पसको लागि अनुदान स्वरुप विनियोजन गरेको रकम उपलब्ध गराई दिन भनि निवेदन साथ प्रथम चौमासिक तलवी भरपाई फोटोकपी राखी माग गरेकोमा चालु आ.व.मा नगरसभाबाट ज्योति भविश्वर क्याम्पस अनुदान भनि विनियोजन भएको रु ८ लाख क्याम्पसलाई अनुदान स्वरुप खातामा जम्मा गरी दिने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व मा आज भन्दा पहिला भएका १० वटा बैठकको प्रस्ताव अनुसार भएका सवै निर्णयहरुको अध्ययन गरियो । पूर्व बैठकबाट भएका निर्णयहरु मध्ये अधिकाशं निर्णयहरु समयमै कार्यान्वयन भएका केही निर्णयहरु कार्यान्वयनकै अवस्थामा रहेको पाईयो । निर्णयहरु मध्ये मिति २०८१/७/१३ को निर्णय नं. ४ मा वडा तथा नगरपालिकाबाट प्रदान हुने सेवालाई प्रभावकारी बनाउन भएको निर्णय अनुसार धेरैजसो कार्य सुधार भएतापनि कतिपय हेल्पडेक्स स्थापना, उजुरी पेटीका व्यवस्थापन, गुनासो सुन्ने अधिकारी तोक्ने, कर्मचारीको नियमितता जस्ता केही विषयहरु पूर्णरुपमा कार्यान्वयन भई नसकेको साथै मिति २०८१/४/३१ को निर्णय नं. ४ मा वडा नं. १० र १३ मा राख्ने भनिएको ल्यावको कर्मचारी नियुक्त कार्य सम्पन्न भइनसकेको पाईएकोले उक्त विषयहरु समयमै कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

### तपशिल

(क) नगरपालिका तथा वडाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी र सहज बनाउन घुम्ती सेवा संचालन गर्नु पर्ने आवश्यकता भएमा तोकिएबमोजिमका न्यूनतम सेवा उपलब्ध गराउने गरी नगरपालिकाले आवश्यक व्यवस्थापन गरी घुम्ती सेवा संचालन गर्ने ।

(ख) यस नगरपालिकाको वडा नं. १४ बठेनी तोरीवारी वस्ने थमन सिंह ताम्राकारको घरेलु औजार बनाउने कममा त्रुटीबस खुट्टामा चोटलागी उपचार गराउदा घुडामुनीबाट खुट्टा काटी फाली उपचार भई रहेको र आर्थिक अवस्था समेत कमजोर रहेकोले आर्थिक सहयोग उपलब्ध गराई दिन भनि वडा कार्यालयबाट सिफारिस भई आएकोले निजलाई रु २५,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

(ग) यस नगरपालिकाका विभिन्न वडाका वडाबासीहरु विभिन्न किसिमबाट अपाङ्ग अवस्थामा पुगी अपाङ्ग सहायक सामग्रीहरु प्रयोग गर्नु पर्ने अवस्था आएकोले तपशिलका व्यक्तिहरुलाई एक/एक थान अपाङ्ग सहायता सामग्री हुइल चियर उपलब्ध गराउने ।

<u>तपशिल</u>

१. इन्द्रीकला कुमाल शिनपा ७

२. कृष्ण प्रसाद अधिकारी शिनपा ५

३. हुम बहादुर घर्ति शिनपा ५

४. मानसरी दर्लामी मगर शिनपा १४

५. हुम बहादुर थापा शिनपा ७

६. अशोक नेपाली शिनपा ६

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।

प्रमाणित प्रतिलिपि